क्यान्सरको प्रारम्भिक पहिचान र सुदृढ उपचारका लागि एकता

आर्थिक संवाददाता
काठमाडौं, फागुन १०

नेपालभर क्यान्सरको प्रारम्भिक पहिचान र प्रभावकारी उपचार प्रणाली सुदृढ बनाउन एकताबद्ध पहल गरिएको छ ।

अन्तर्राष्ट्रिय बाल क्यान्सर दिवस २०२६को अवसरमा भक्तपुर, भरतपुर र काठमाडौंमा आयोजित विभिन्न कार्यक्रममा सरकारका प्रतिनिधि, स्वास्थ्यकर्मी, विकास साझेदारले क्यान्सर पहिचानमा एकताबद्ध भएर लाग्ने प्रतिबद्धता जनाएका छन् । बाल क्यान्सर समयमै पहिचान गरी उचित उपचार भएमा निको हुन सक्ने उनीहरूको भनाइ थियो । माघ २९ गते भक्तपुर क्यान्सर अस्पतालबाट सुरू भएको साताव्यापी कार्यक्रममा प्रदेश तथा संघीय तहका सरोकारवालाहरूले समन्वित र प्रभावकारी क्यान्सर सेवाको आवश्यकता औंल्याएका थिए । बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापा मगरले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनका प्रतिनिधिहरूसँग मिलेर सुदृढ रेफरल प्रणाली, व्यवस्थित तथ्यांक संकलन तथा प्रतिवेदन प्रणाली, तथा बाल क्यान्सर सेवामा पहुँच विस्तार गर्नुपर्नेमा जोड दिए ।

यसैगरी भरतपुरस्थित बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा फागुन १ देखि ३ गतेसम्म आयोजित तीनदिने कार्यक्रमले समुदायस्तरीय सचेतना र सहभागितामा विशेष ध्यान केन्द्रित गरेको थियो । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई बाल क्यान्सरका प्रारम्भिक चेतावनी संकेतहरू पहिचान गर्न तालिम पनि दिइएको थियो । यसले छिटो सिफारिस र समयमै उपचार सुनिश्चित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । कार्यक्रममा क्यान्सर निको भइसकेका बालबालिकाका परिवार र हाल उपचाररत परिवारबीच अनुभव आदानप्रदान सत्र पनि आयोजना गरिएको थियो । अभियानको समापन फागुन ४ गते कान्ति बाल अस्पतालमा गरिएको थियो । सोही अवसरमा 'अभिभावक सहयोग समूह' औपचारिक रूमा गठन गरिएको छ । यस समूहले मासिक भेटघाटमार्फत क्यान्सर उपचार प्रक्रियामा रहेका परिवारहरूलाई मार्गदर्शन, भावनात्मक साथ तथा व्यावहारिक सुझाव प्रदान गर्ने अपेक्षा गरिएको छ । वर्ल्ड चाइल्ड क्यान्सर र रमेश गुप्ता मेमोरियल ट्रस्टले सबै कार्यक्रम स्थलहरूमा उपचाररत बालबालिकाका लागि शैक्षिक सामग्री तथा खेलौना वितरण गरेको थियो ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, भक्तपुर क्यान्सर अस्पताल, बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल र कान्ति बाल अस्पतालले बाल क्यान्सर वार्डहरूलाई अझ बालमैत्री वातावरणमा रूपान्तरण गर्न विशेष खेल सामग्री पनि प्रदान गरिएको छ । क्यान्सरको प्रारम्भिक पहिचानलाई सुदृढ बनाउने, समुदायस्तरमा सचेतना अभिवृद्धि गर्ने तथा परिवारकेन्द्रित उपचार प्रणालीलाई प्रवर्द्धन गर्ने लक्ष्यसहित अघि बढाइएका यी सामूहिक प्रयासहरूले नेपालले प्रत्येक बालबालिकालाई उनीहरूको भौगोलिक अवस्था वा सामाजिक पृष्ठभूमि जस्तोसुकै भएपनि समयमै उपचार र सहानुभूतिपूर्ण सहयोग उपलब्ध गराई क्यान्सरविरूद्ध लड्ने समान अवसर सुनिश्चित गर्ने जनाइएको छ ।

अनरको एक्सट्रिम च्याम्पियन अनर एक्स५सी सार्वजानिक

आर्थिक संवाददाता
काठमाडौं, फागुन १०

स्मार्टफोन ब्रान्ड अनरले सबै अनर एक्स५सी नेपालमा 'एक्सट्रिम च्याम्पियन'का रूमा सार्वजनिक गरेको छ ।

कम्पनीका अनुसार उत्कृष्ट क्यामेरा स्पष्टता, भरपर्दो कार्यसम्पादन र प्रिमियम प्रयोग अनुभवलाई किफायती मूल्यमा उपलब्ध गराउने उद्देश्यका साथ यो स्मार्टफोन डिजाइन गरिएको हो । दैनिक प्रयोगमा अझ उच्च अपेक्षा राख्ने प्रयोगकर्तालाई लक्षित गर्दै अनर एक्स५सीले स्टाइल, शक्ति र उपयोगितालाई सन्तुलितरूमा प्रस्तुत गर्नेछ । अनर एक्स५सी मा समावेश गरिएको अल्ट्रा क्लियर ५० एमपी ड्युल क्यामेराले स्पष्ट, जीवन्त र उच्च विवरणयुक्त तस्बिरहरु खिन्न सहयोग गर्ने जनाईएको छ । भरपर्दो मिडिया टेक प्रोसेसर तथा पर्याप्त स्टोरेज क्षमताको साथ यसले सहज मल्टिटास्किङ, द्रुत एप सञ्चालन र समग्ररूमा स्मूथ प्रदर्शन सुनिश्चित गर्नेछ भने शक्तिशाली ५२६० एमएएच ब्याट्रीले लामो समयसम्म निरन्तर प्रयोगको सुविधा प्रदान गर्ने कम्पनीले जनाएको छ ।

अनर एक्स५सी ४/६४ जिबी क्षमताको मूल्य १५ हजार ९९९ रूपैयाँ निर्धारण गरिएको छ भने अनर एक्स५सी प्लस १७ हजार ९९९ रूपैयाँमा उपलब्ध छ । उत्कृष्ट कार्यसम्पादन, टिकाउपन तथा आधुनिक डिजाइन खोज्ने प्रयोगकर्ताहरूका लागि यी दुवै मोडेल आकर्षक विकल्प रहेको कम्पनीले जनाएको छ । स्मार्टफोन तीन आकर्षक रंगहरूमा उपलब्ध रहेको छ ।

भक्तपुरमा कजारियाको नयाँ सोरूम

काठमाडौं, फागुन १० । कजारिया रमेश टाइल्स लिमिटेडले भक्तपुरमा आफ्नो नयाँ सोरूम सञ्चालनमा ल्याएको छ । उक्त सोरूम पीएनएस ट्रेडर्स एन्ड सप्लायर्सद्वारा सञ्चालन गरिएको हो ।

सोरूमले भक्तपुर तथा आसपासका क्षेत्रका ग्राहकहरूलाई उच्चस्तरीय टाइल्स समाधान उपलब्ध गराउने कम्पनीले जनाएको छ । सोरूम उद्घाटन कार्यक्रमा मिस वर्ल्ड नेपाल २०२४, आश्मा केसीलगायत स्थानीय तथा उद्योगी व्यवसायीको सहभागिता थियो । कम्पनीका अनुसार नयाँ सोरूममा कजारियाका प्रिमियम टाइलहरूको विस्तृत दायरा प्रदर्शित गरिएको छ । कजारिया रमेश टाइल्स लिमिटेडले नेपालमै स्थापना गरेको देशकै सबैभन्दा ठूलो टायल उत्पादन उद्योगमार्फत टायल क्षेत्रमा नयाँ मापदण्ड स्थापित गरिसकेको छ । हाल कजारियाले नेपालभर एक सयभन्दा बढी सोरूमहरूको सशक्त सञ्जाल विस्तार गरिसकेको जनाएको छ ।

केबीए ग्लोबल क्रिकेट क्ल्यास हुने

काठमाडौं, फागुन १० । केबीए ग्लोबल प्रालिको आयोजनामा गोल्डेन गेट इन्टरनेसनल कलेज केबीए ग्लोबल क्रिकेट क्ल्यास २०२६ आयोजना हुने भएको छ ।

आइतबार काठमाडौंमा पत्रकार सम्मेलन गरी प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिइएको हो । प्रतियोगिता फेब्रुअरी २४ र २५ मा वान डे क्रिकेट एकेडेमीमा हुने प्रतियोगितामा १२ वटा अन्तरकलेज टिमहरूको सहभागिता रहनेछ । लिभरपुल कलेज, सीसीआरसी कलेज, पेन्टागन कलेज, नासा कलेज, गोल्डेन गेट इन्टरनेसनल कलेज, रिलायान्स कलेज, ग्रामर कलेज, हिमालयन कलेज, मनास्लु कलेज, पिन्कल कलेज, ब्रिजवाटर कलेज र चाणक्य कलेज प्रतियोगितामा सहभागी हुने आयोजकले जनाएको छ । केबीए ग्लोबलका बिजनेस डेभलपमेन्ट म्यानेजर विनोद दाहाल उपाध्यायले प्रतियोगिता युवाहरूका लागि खेल, नेतृत्व र अनुशासन विकास गर्ने साझा मञ्च भएको बताए । प्रतियोगिता फेब्रुअरी २४ र २५ मा वान डे क्रिकेट एकेडेमीमा हुने प्रतियोगितामा १२ वटा अन्तरकलेज टिमहरूको सहभागिता रहनेछ । लिभरपुल कलेज, सीसीआरसी कलेज, पेन्टागन कलेज, नासा कलेज, गोल्डेन गेट इन्टरनेसनल कलेज, रिलायान्स कलेज, ग्रामर